"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी ,झापा
## कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८०/०८१

च. नं :

मितिः २०८१|०३|१६

ने.सं.: ११४४ तछलागा ९ आइतवार

**राष्ट्रिय परिचय पत्रको विवरण दर्ता गर्ने सम्बन्धी सूचना**

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०८१।०२।३० गतेको सूचना साथै जिल्ला प्रशासन कार्यालय, झापाको च.नं.१२,२७३ मिति २०८१।०३।१२ गतेको परिपत्र बमोजिम झापा जिल्लामा आगामी श्रावण १ गते देखि सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएकोले कनकाई नगरपालिकामा रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्रमा विवरण दर्ता गर्न छुट भएका व्यक्तिहरुले देहायको मिति, समय र स्थानमा उपस्थित भई विवरण दर्ता गर्न गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| क.स. | वडा नं. | मिति | स्थान/समय | आवश्यक कागजातहरु |
|---|---|---|---|---|
| १ | २ र ३ | २०८१ असार १६, १७ र १८ गते | स्थानः- कनकाई नगरपालिकाको कार्यालय, जामुनबारी, झापा ।<br>समयः- बिहान १०:०० बजे बाट साँझ ५:०० बजे सम्म | १. नागरिकता प्रमाणपत्रको सक्कल,<br>२. सामाजिक सुरक्षा भत्ताको परिचय पत्रको सक्कल,<br>३. बसाईसरी आएकाको हकमा बसाई सराई प्रमाणपत्रको सक्कल,<br>४.विवाहितको हकमा विवाह दर्ता प्रमाणपत्र (श्रीमान श्रीमती दुवैका लागि)<br>५. एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको सक्कल प्रति |
| २ | ८ र ९ | २०८१ असार १९ र २० गते | | |
| ३ | ४ र ५ | २०८१ असार २१, २३ र २४ गते | | |

**नोटः- बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय वा ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्रमा विवरण दर्ता नभएपनि सामाजिक सुरक्षा भत्ता लिन बाधा नपर्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।**

जमुना कटुवाल
अधिकृत सातौं



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
झापा
(................................. फाँट)

Email : daojhapa@moha.g
Email : dao.jhapa@gmail.c
Website : daojhapa.moha.
☎ ०२३ {४५२१ ४५२१

पत्र संख्या :- ०८०/८१
चलानी नं. :- १२,२६३

मिति :- २०८१/०३/१२
ने.सं.-११४४ बछलागा , ५ बुधवार

श्री विर्तामोड नगरपालिका/कनकाई नगरपालिका/शिवसताक्षी नगरपालिका/गौरादह नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, झापा
श्री कमल गाउँपालिका/हल्दिवारी गाउँपालिका/कचनकवल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, झापा।

विषय : राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता सम्वन्धमा।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ताको नवीकरण गर्दा मिति २०८१/०४/०१ गतेवाट र अन्य से प्रवाहमा समेत तोकिएका मितिवाट राष्ट्रिय परिचय नम्वर अनिवार्य गर्ने सम्वन्धी राष्ट्रिय परिचय पत्र त पञ्जीकरण विभागको सूचना प्रकासन भए पश्चात राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता गरा नागरिकको सहजताको लागि हाल जिल्ला प्रशासन कार्यालयमा प्राप्त तपशिल अनुसारका दर्ता स्टे अपरेटर सहित तहाँ पालिकाहरुमा मिति २०८१/०३/१३ गतेवाट पठाइने भएको हुँदा आवश्यक सहय तथा सहजिकरणको लागि अनुरोध छ। उक्त विवरण दर्ता स्टेसनहरु तहाँ पालिकामा वा सेवाग्राही चापको आधारमा पायक पर्ने उपयुक्त वडामा संचालन गरी राष्ट्रिय परिचयपत्रको लागि विवरण द सम्वन्धी सेवा तहाँ पालिकाबाट प्रभावकारीरुपमा प्रवाह गर्न सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

२०८१/३/१२

वन्धुप्रसाद बास्तोला
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी

तपशिल
विर्तामोड नगरपालिका दर्ता स्टेसन-२
कनकाई नगरपालिका दर्ता स्टेसन-२
शिवसताक्षी नगरपालिका दर्ता स्टेसन-१
गौरादह नगरपालिका दर्ता स्टेसन-१
कमल गाउँपालिका दर्ता स्टेसन-१
हल्दिवारी गाउँपालिका दर्ता स्टेसन-१
कचनाकवल गाउँपालिका दर्ता स्टेसन-१
मेचीनगर नगरपालिका दर्ता स्टेसन-२ (हाल संचालन भै रहेको)

Scanned with CamScanner